आज मिति २०८३ साल असार २२ गते बिहान ८:०० बजे यस रास्कोट नगरपालिकाका **नगर प्रमुख श्री धर्मराज शाही** ज्यूको अध्यक्षतामा तथा तपशिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको ६४ औं बैठक बसि देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

**तपशिलः**

| पद | नाम थर | हस्ताक्षर |
|---|---|---|
| नगर प्रमुख | श्री धर्मराज शाही | |
| नगर उप प्रमुख | श्री मनिराज बराल | |
| वडा अध्यक्ष | श्री उदयराम आचार्य | |
| वडा अध्यक्ष | श्री धुर्वराज सिम्खडा | |
| वडा अध्यक्ष | श्री राजेन्द्रनाथ योगी | |
| वडा अध्यक्ष | श्री दिनेश संज्याल | |
| वडा अध्यक्ष | श्री मन तिरुवा | |
| वडा अध्यक्ष | श्री कर्ण फर्साल | |
| वडा अध्यक्ष | श्री कपुर महतारा | |
| वडा अध्यक्ष | श्री धन वहादुर धामी | |
| कार्यवाहक वडा अध्यक्ष | श्री रत्ना देवी न्यौपाने | |
| कार्यपालिका सदस्य | श्री भैरे तिरुवा | |
| " | श्री दंगली सार्की | |
| " | श्री तारा वि क | |
| " | श्री भैपुरा बम शाही | |
| " | श्री उमा योगी | |
| " | श्री पुनम बम शाही | |
| " | श्री गोविन्द्रा सुनार | |
| सदस्य सचिव | महेश अधिकारी | |

**प्रस्तावहरुः**

१. नापी अधिकृत पद–१ र कम्प्युटर अपरेटर पद–१ को विज्ञापन सम्बन्धमा ।

२. बाल कल्याण अधिकारीको विज्ञापन सम्बन्धमा ।

३. वैडा नं-६ को रिक्त पदमा कार्यालय सहयोगी विज्ञापन सम्बन्धमा ।

४. भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीको निवेदन रुजु, दाबी–विरोध तथा पहिचान/प्रमाणीकरण सम्बन्धमा।

५. सिमाना समायोजनका लागि बैठक बस्ने सम्बन्धमा ।

६. निक साइमन्स ईन्स्टिच्यूटको Rural Health Systems Strengthening Project बाट पाल्नु भएका मेडिकल टिमलाई स्वागत तथा व्यवस्थापन सम्बन्धमा ।

**निर्णय नं. १:** यस नगरपालिकाबाट भूमि प्रशासनसम्बन्धी सेवा सञ्चालनका लागि अनुरोध भई भूमि व्यवस्थापन तथा अभिलेख विभागको च.नं. ५४०, मिति २०८३/०४/२६ को पत्रबमोजिम भूमि प्रशासन कार्यालय, कालिकोटबाट स्थलगत अनुगमनसमेत भइसकेको र तत्काल १ महिनाभित्र सेवा सञ्चालन गर्नुपर्ने अवस्था रहेको हुँदा आवश्यक प्राविधिक जनशक्ति व्यवस्थापनका लागि नापी अधिकृत (अधिकृतस्तर छैटौं तह) पद–१ र कम्प्युटर अपरेटर (चौथो तह) पद–१ सेवा करारमा पदपूर्ति गर्न प्रचलित कानूनबमोजिम आवश्यक प्रक्रिया पूरा गरी विज्ञापन प्रकाशन गर्ने निर्णय सर्वसम्मतिले गरियो।

**निर्णय नं. २:**नगरपालिकामा बालबालिकाको अधिकारको सम्मान, संरक्षण तथा प्रवर्द्धन, बाल संरक्षणसम्बन्धी कार्य, जोखिममा रहेका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान, उद्धार, संरक्षण तथा पुनर्स्थापना, बालबालिकासम्बन्धी घटना तथा विवरणको अभिलेखीकरण एवं सम्बन्धित निकायसँग समन्वय गरी बालमैत्री सेवा प्रवाहलाई प्रभावकारी बनाउन बाल कल्याण अधिकारीको व्यवस्था गर्न आवश्यक देखियो। बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६१(१) मा "बालबालिकाको अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन गर्न तथा बाल संरक्षण कार्य समेत गर्नका लागि स्थानीय तहमा एक जना बाल कल्याण अधिकारी रहनेछ" भन्ने स्पष्ट कानुनी व्यवस्था रहेको तथा सोही दफाको उपदफा (२) बमोजिम निजको नियुक्ति, काम, कर्तव्य, अधिकार तथा सेवाका शर्तसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुने भएकाले नगरपालिकामा बाल कल्याण अधिकारीको पद/जनशक्ति व्यवस्था गरी प्रचलित कानूनबमोजिम सेवा करारमा पदपूर्ति गर्न आवश्यक प्रक्रिया अघि बढाउने तथा विज्ञापन प्रकाशन गर्ने निर्णय सर्वसम्मतिले गरियो।

**निर्णय नं. ३:** यस नगरपालिकाको वडा नं. ६ कार्यालयमा स्वीकृत कार्यालय सहयोगी पद रिक्त रहेको तथा वडा कार्यालयबाट प्रवाह हुने दैनिक प्रशासनिक एवं सेवा प्रवाहसम्बन्धी कार्यमा आवश्यक सहयोगी जनशक्तिको अभाव रहेको हुँदा सेवाग्राहीलाई सहज, छिटो तथा प्रभावकारी सेवा प्रवाह गर्न उक्त पदमा कर्मचारी व्यवस्था गर्न आवश्यक देखियो।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्वीकृत संगठन तथा व्यवस्थापन संरचना तथा दरबन्दीको अधीनमा रही र सोही ऐनको कार्यालय सहयोगी पदमा सेवा करारबाट कर्मचारी लिन सकिने व्यवस्थाबमोजिम, वडा नं. ६ मा रिक्त रहेको कार्यालय सहयोगी पदमा प्रतिस्पर्धाका आधारमा सेवा करारमा पदपूर्ति गर्न आवश्यक प्रक्रिया अघि बढाई विज्ञापन प्रकाशन गर्ने निर्णय सर्वसम्मतिले गरियो।

**निर्णय नं. ४:** जिल्ला भूमि समस्या समाधान समिति, कालिकोटको पत्र संख्या २०८३/०८४, चलानी नं. ०५, मिति २०८३/०४/०७ बाट प्राप्त पत्रमा भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीका निवेदनहरू वडा तहबाट रुजु तथा प्रमाणीकरण गराई ७ दिने दावी विरोधको सार्वजनिक सूचना प्रकाशन गरी स्थानीय तहको कार्यपालिका बैठकबाट वास्तविक भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीको पहिचान तथा प्रमाणीकरण गरी निर्णय, रुजु निवेदन (लगत) लगायतका कागजात १५ दिनभित्र समितिको सचिवालयमा उपलब्ध गराउन अनुरोध भएअनुसार विषयमा छलफल गरियो।

अतः प्रचलित कानून तथा सम्बन्धित कार्यविधिबमोजिम वडा कार्यालयबाट रुजु तथा प्रमाणीकरण भई प्राप्त भएका निवेदनहरूको आधारमा ७ दिने दावी विरोधको सार्वजनिक सूचना प्रकाशन गर्ने, प्राप्त दावी विरोधसमेतलाई आवश्यक छानबिन गरी वास्तविक भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीको पहिचान एवं प्रमाणीकरण गर्ने र सोसम्बन्धी निर्णय, रुजु निवेदन/लगत तथा आवश्यक कागजात जिल्ला भूमि समस्या समाधान समितिको सचिवालयमा तोकिएको समयभित्र पठाउन प्रमुख प्रशासकीय अधिकृतलाई आवश्यक समन्वय तथा प्रक्रिया अघि बढाउन निर्देशन दिने निर्णय सर्वसम्मतिले गरियो।

**निर्णय नं. ५**: मिति २०८३/०४/२० गते सान्नीत्रिवेणी वडा नं ७,८,र ९ का सम्पूर्ण जनताहरु भेला भई सान्नीत्रिवेणी गा.पा. का वडा नं ७, ८ र ९ लाई रास्कोट नगरपालिकामा समायोजन गर्ने भनि बसेको बैठकमा १०६ जनाको हस्ताक्षर संकलन गरिएको तथा मिति २०८२/०४/१६ गते सान्नीत्रिवेणी गा.पाको वडा नं. ८ र ९ मा श्री जयरप तिरुवाको अध्यक्षतामा २६ जना जनसमुदायहरुको सहभागीमा साविकको मुम्रा गाविसलाई हालको रास्कोट नगरपालिकामा समायोजनको लागि प्रस्ताव गर्ने भनेर २ वटा माइन्युट यस रास्कोट नगरपालिकामा पेश हुन आएकोमा यस विषयमा अझै थप बैठक बस्ने निर्णय सर्वसम्मतिले गरियो।

**निर्णय नं. ६**: मिति २०८३/०४/३१ गते निक साइमन्स ईन्स्टिच्यूटको Rural Health Systems Strengthening Project (RHSSP) अन्तर्गत आउनु भएको मेडिकल टिमलाई कार्यपालिकाका सदस्यहरू द्वारा स्वागत गरियो साथै रास्कोट अस्पतालमा क्वाटर तथा अन्य व्यवस्थापन नगरपालिकाबाट गर्ने निर्णय सर्वसम्मतिले गरियो ।